प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश
विराटनगर

फोन नं. ०२१-५७२५०६, ०२१-५७४३३१, ०२१-५७५७८५, ०२१-५७११४०, ०२१-५७३६७६, ०२१-५७४१६८

प.सं. : २०८१/८२
च.नं. : ८३

मिति २०८१/०४/१७
ने.सं. ११४४ दिल्लागा १२ बिहीबार

विषय:- विज्ञापन वा सूचना प्रसारण/प्रकाशनको भुक्तानीमा विज्ञापन कर कट्टा गर्ने सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,
श्री कोशी प्रदेश सभा सचिवालय,
श्री प्रदेश मन्त्रालयहरु, सबै,
श्री प्रदेश योजना आयोग,
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु सबै, १४ जिल्ला
श्री स्थानीय तह, सबै (१३७)
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्यन्यायाधिवक्ताको कार्यालय,
श्री निर्देशनालय/कार्यालयहरु सबै,
कोशी प्रदेश, नेपाल।

प्रस्तुत बिषयमा नेपालको संविधानको अनुसूची-६ र ८ मा विज्ञापन कर प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा रहेको विदितै छ। सो व्यवस्था कार्यान्वयन गर्न बनेको कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा १० को उपदफा (२) अनुसार आफ्नो निकायको **विज्ञापन वा सूचनाको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा मू.अ.कर बाहेकको रकममा ३ (तीन) प्रतिशतका दरले विज्ञापन कर कट्टा गरी** आफ्नो निकाय रहेको स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्ने व्यवस्था कार्यान्वयनका लागि अनुरोध छ। साथै विज्ञापन (नियमन) गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा (२) को खण्ड (ख) र दफा ३२ बमोजिम विज्ञापन वापतको भुक्तानीमा नेपाल सरकार अन्तर्गतका कार्यालय/निकायले मात्र तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोले प्रदेश सरकार, स्थानीय तह र अन्य निकायले विज्ञापन वापतको भुक्तानीमा तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको खातामा जम्मा गर्नु पर्ने व्यवस्था नभएको हुँदा कोशी प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम स्थानीय तहको विभाज्य कोषमा मात्र दाखिला गरी विज्ञापन करको प्रावधान कार्यान्वयन गर्न, गराउनु हुन यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/०४/१५ गतेको निर्णयानुसार अनुरोध छ।

विदुर पौडेल
शाखा अधिकृत

बोधार्थ
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

website : moeap.koshi.gov.np
e-mail: info.moeap@p1.gov.np